# <u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४</u>

निर्वाचन आयोगबाट स्वीकृत मितिः २०७४।०७।२७

**<u>प्रस्तावना</u> :** प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ लाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ र निर्वाचन आचार संहिता, २०७२ बमोजिमको निर्वाचन आचार संहिता अनुगमन संयन्त्रको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन" भन्नाले आचार संहिताको कार्यान्वयन सम्बन्धमा गरिने अनुगमन सम्झनु पर्छ ।

(ख) "अनुगमन अधिकृत" भन्नाले आचार संहिता हेर्ने प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतले नियुक्त गरेको अनुगमन अधिकृत सम्झनु पर्छ ।

(ग) "अनुगमनकर्ता" भन्नाले आचार संहिताको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न आयोगले दफा ७ बमोजिम नियुक्ति गरेको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोलीलाई समेत जनाउँछ ।

(घ) "आचार संहिता" भन्नाले निर्वाचन आचार संहिता, २०७२ सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ सम्झनु पर्छ ।

(छ) "कर्मचारी" भन्नाले निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको

अनुदानमा सञ्चालित संस्थाको कर्मचारी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारी सम्झनु पर्छ ।

(ज) "केन्द्रीय अनुगमन समिति" भन्नाले दफा ३ बमोजिमको निर्वाचन आचार संहिता केन्द्रीय अनुगमन समिति सम्झनु पर्छ ।

(झ) "घुम्ती अनुगमन टोली" भन्नाले जिल्ला अनुगमन समितिले परिचालन गरेको दफा ११ बमोजिमको घुम्ती अनुगमन टोली सम्झनु पर्छ ।

(ञ) "जिल्ला अनुगमन समिति" भन्नाले दफा ५ बमोजिमको निर्वाचन आचार संहिता जिल्ला अनुगमन समिति सम्झनु पर्छ ।

(ट) "दृष्य छायाँकार" भन्नाले दफा १२ बमोजिम दृष्य छायाङ्कनको लागि परिचालन गरिएको दृष्य छाँयाकार सम्झनु पर्छ ।

(ठ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ड) "निर्वाचन अधिकारी" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ढ) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम आयोगबाट नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ण) "मतदाता" भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(त) "सूक्ष्म अनुगमनकर्ता" भन्नाले दफा ९ बमोजिम आयोगले खटाएको सूक्ष्म अनुगमनकर्ता सम्झनु पर्छ ।

## परिच्छेद-२

## अनुगमन सम्बन्धी संस्थागत व्यवस्था

३. **निर्वाचन आचार संहिता केन्द्रीय अनुगमन समिति :** (१) आचार संहिता कार्यान्वयनको अनुगमनको लागि आयोगमा देहाय बमोजिमको निर्वाचन आचार संहिता केन्द्रीय अनुगमन समिति रहनेछ :-

(क) माननीय निर्वाचन आयुक्त (आचार संहिता हेर्ने) – संयोजक

(ख) माननीय निर्वाचन आयुक्त (कानून हेर्ने) – सदस्य

(ग) सचिव, निर्वाचन आयोग – सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(च) सचिव, गृह मन्त्रालय – सदस्य

(छ) सचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य

(ज) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य

(झ) सहसचिव, कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा – सदस्य-सचिव

(२) केन्द्रीय अनुगमन समितिले आचार संहिताको अनुगमन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि आयोगमा देहाय बमोजिमको निर्वाचन आचार संहिता अनुगमन उपसमिति गठन गर्नेछ :-

(क) सहसचिव, कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा – संयोजक

(ख) उपन्यायाधिवक्ता, राजनीतिक दल सम्बन्ध शाखा – सदस्य

(ग) उपसचिव, कानून शाखा – सदस्य

(घ) कानून अधिकृत, कानून शाखा – सदस्य

(ङ) शाखा अधिकृत, कानून शाखा – सदस्य

(च) कानून अधिकृत (सरकारी वकील),राजनीतिक दल सम्बन्ध शाखा–सदस्य-सचिव

(३) केन्द्रीय अनुगमन समितिले आवश्यकता अनुसार अन्य विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

(४) केन्द्रीय अनुगमन समिति वा उपदफा (२) वा (३) बमोजिमको उपसमितिमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) केन्द्रीय अनुगमन समिति वा उपदफा (२) वा (३) बमोजिमको उपसमितिको निर्णय सम्बन्धित समिति तथा उपसमितिको संयोजकले प्रमाणित गर्नेछ ।

(६) केन्द्रीय अनुगमन समिति वा उपदफा (२) वा (३) बमोजिमको उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि सम्बन्धित समिति वा उपसमिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **केन्द्रीय अनुगमन समिति तथा अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार** : (१) केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता पालना गराउनका लागि आवश्यकता अनुसार अनुगमन टोली गठन र परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ख) अनुगमन टोली, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता मार्फत प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निकाय, अधिकारी वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(ग) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य तत्कालै रोक्ने आदेश दिने तथा आचार संहिता उल्लङ्‌घनकर्तालाई आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(घ) आचार संहिता पालना सम्बन्धमा सरोकारवालासँग अभिमुखीकरण तथा अन्तरक्रिया गर्ने,

(ङ) अनुगमनमा खटिने व्यक्तिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(च) आचार संहिता उल्लङ्घनको विषयमा आयोगले दिएको आदेश पालना नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक कारबाही गर्न आयोग समक्ष पेश गर्ने,

(छ) राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(ज) निर्वाचनको काममा खटाईएका कर्मचारी वा सुरक्षाकर्मीले आचार संहिता कार्यान्वयनको सिलसिलामा प्रचलित कानून, आयोगबाट जारी भएका आदेश, निर्देशन तथा आचार संहिताको उल्लङ्घन हुने गरी वा बदनियतपूर्वक कुनै काम गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(झ) आचार संहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ञ) आचार संहिता कार्यान्वयनको लागि आयोगले तोकेका अन्य कार्य गर्ने ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको निर्वाचन आचार संहिता अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने,

(ख) खण्ड (क) बमोजिम प्राप्त उजुरी सम्बन्धी विवरण तयार गरी केन्द्रीय अनुगमन समितिमा पेश गर्ने,

(ग) आचार संहिताको कार्यान्वयन र अनुगमनको कार्यमा केन्द्रीय अनुगमन समितिलाई सहयोग गर्ने,

(घ) निर्वाचन आचार संहिताको कार्यान्वयन अवस्थामाको विषयमा जिल्ला अनुगमन समितिसँग नियमित सम्पर्कमा रही कार्य गर्ने,

(ङ) निर्वाचन आचार संहिताको कार्यान्वयन अवस्थाको विषयमा अनुगमनकर्तासँग नियमित रुपमा विवरण लिने,

(च) आचार संहिता सम्बन्धी कारबाहीको अभिलेख राख्ने,

(छ) अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाइने कर्मचारी तथा व्यक्तिहरूको अभिलेख (रोष्टर) तयार गरी समिति तथा आयोग समक्ष पेश गर्ने,

(ज) केन्द्रीय अनुगमन समितिले तोकेको अन्य कार्य गर्ने ।

(३) दफा ३ को उपदफा (३) बमोजिम गठन हुने विषयगत उपसमितिको काम, कर्तव्य र अधिकार त्यस्तो उपसमिति गठन गर्दाका बखत केन्द्रीय अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

५. <u>**निर्वाचन आचार संहिता जिल्ला अनुगमन समिति**</u> : (१) आचार संहिता अनुगमनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको निर्वाचन आचार संहिता जिल्ला अनुगमन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मुख्य निर्वाचन अधिकृत | - संयोजक |
| (ख) | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| (ग) | निर्वाचन अधिकृतहरु | - सदस्य |
| (घ) | जिल्ला प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| (ङ) | निर्वाचन अधिकारी | - सदस्य सचिव |

(२) जिल्ला अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार जिल्लास्थित सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) जिल्ला अनुगमन समितिको बैठकमा सहभागी सदस्य तथा आमन्त्रित सदस्यले एक हप्तामा बढीमा दुईवटा बैठक बापत नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको खर्चको मापदण्ड बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

(४) जिल्ला अनुगमन समितिको निर्णय सो समितिको संयोजकले प्रमाणित गर्नेछ ।

(५) जिल्ला अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>**जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार**</u> **:** जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमन अधिकृत तथा घुम्ती अनुगमन टोलीबाट आचार संहिता अनुगमन सम्बन्धी विवरण नियमित रुपमा लिने,

(ख) अनुगमन अधिकृत तथा घुम्ती अनुगमन टोलीको प्रतिवेदन तथा अन्य माध्यमबाट कसैले आचार संहिता उल्लङ्घन गरेको जानकारी प्राप्त भएमा आचार संहिता पालनाको लागि सम्बन्धित निकाय, पदाधिकारी, व्यक्ति, राजनीतिक दल, उम्मेदवार, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा अन्य व्यक्तिलाई आचार संहिता पालनाको लागि आवश्यक निर्देशन दिने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष लेखी पठाउने,

(घ) केन्द्रीय अनुगमन समितिको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(ङ) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने र त्यस्तो उजुरीको विषयमा आवश्यक छानबिन गरी आफैंले समाधान गर्ने सक्ने विषयमा आफैले समाधान गर्ने र आफूले समाधान गर्न नसक्ने विषयमा आयोग समक्ष पेश गर्ने,

(च) आयोगबाट खटिएको अनुगमनकर्तालाई अनुगमनको लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

## परिच्छेद-३

## अनुगमनकर्ता तथा अनुगमन टोली परिचालन

७. **अनुगमनकर्ता** : (१) निर्वाचनमा आचार संहिता पालनाको सम्बन्धमा अनुगमन गरी आचार संहिता पालना गर्न लगाउन तथा आचार संहिता उल्लंघन गर्नेलाई आवश्यक कारबाही गर्न केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले आवश्यकता अनुसार नेपाल सरकारका वरिष्ठ अधिकृत कर्मचारीलाई अनुगमनकर्ताको रुपमा खटाउन वा त्यस्तो कर्मचारीको संयोजकत्वमा एकभन्दा बढी सदस्य रहेको अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) अनुगमनकर्ता आयोगप्रति उत्तरदायी रहनेछ ।

८. **अनुगमनकर्ताको काम, कर्तव्य, अधिकार** : अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता उल्लङ्घनको कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ख) आफूलाई खटाईएको अनुगमन क्षेत्रभित्र निर्वाचन आचार संहिताको पालना भए नभएको अनुगमन गरी पालना नभएको भए राजनीतिक दल, उम्मेदवार, निकाय, अधिकारी तथा व्यक्तिलाई पालना गर्न आवश्यक निर्देशन दिने,

(ग) आचार संहिता पालना गर्न गराउन निर्वाचन अधिकृत वा निर्वाचन अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउने,

(घ) निर्वाचन अधिकृत र जिल्ला अनुगमन समितिको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले आचार संहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिने,

(च) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचार संहिता, विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(छ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आचार संहिता विपरीत उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, टि–सर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री प्रयोग गरेकोमा तत्काल हटाउन लगाउने र हटाउन नमानेमा तुरुन्त जफत गर्ने,

(ज) केन्द्रीय अनुगमन समितिमा नियमित रुपमा अनुगमन प्रतिवेदन पठाउने,

(झ) आयोग र समितिले निर्देशन दिए बमोजिमका अन्य काम गर्ने ।

९. **सूक्ष्म अनुगमनकर्ता** : (१) आचार संहिता कार्यान्वयनको विषयमा सूक्ष्म रुपमा अनुगमन गर्न केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले अधिकृतस्तरको कर्मचारीलाई सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाउन सक्नेछ :-

(२) सूक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) आचार संहिता पालना भए, नभएको सम्बन्धमा अनुगमन गरी दफा ३ को उपदफा (२) बमोजिमको निर्वाचन आचार संहिता अनुगमन उपसमिति समक्ष दैनिक रुपमा विवरण पेश गर्ने,

(ख) आचार संहिता उल्लङ्घन भएको भए निर्वाचन कार्यालय तथा स्थानीय प्रहरीको समन्वय तथा सहयोगमा आवश्यक छानबिन गर्ने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेको पाएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने,

(घ) निर्वाचन अधिकृत, अनुगमनकर्ता, घुम्ती अनुगमन टोली, मतदान अधिकृत तथा अन्य सम्बन्धित अधिकारी तथा निकायले आचार संहिता कार्यान्वयनको लागि निर्वाह गरेको भूमिकाको विषयमा केन्द्रीय अनुगमन समितिलाई प्रतिवेदन दिने ।

१०. **अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार** : अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू खटिएको जिल्लाभित्र भ्रमण गरी आचार संहिता कार्यानवयको विषयमा नियमित रुपमा अनुगमन गर्ने,

(ख) आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ग) खण्ड (क) बमोजिम गरिएको अनुगमन सम्बन्धमा सम्बन्धित निर्वाचन अधिकृत तथा जिल्ला अनुगमन समितिमा नियमित विवरण पेश गर्ने,

(घ) आचार संहिताको उल्लङ्घन गर्नेलाई आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउने,

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले आचार संहिता विपरीत सवारी साधन प्रयोग गरेको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोगमा गराउने,

(च) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आचार संहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोगमा गराउने,

(छ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आचार संहिता विपरीत उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, टि–सर्ट, टोपी, गम्छा वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गरेको, प्रयोग गरेको, बिक्री गरेको वा प्रदर्शन गरेको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोगमा गराउने ।

११. **घुम्ती अनुगमन टोली :** (१) निर्वाचनको अवधिमा आचार संहिता कार्यान्वयनको अनुगमनको लागि जिल्ला अनुगमन समितिले उम्मेदवारको मनोनयनपत्र दर्ता हुने मितिदेखि मतदानको निमित्त तोकिएको मितिसम्मको लागि अधिकृतस्तरको सरकारी कर्मचारीको नेतृत्वमा बढीमा दुईजना सदस्य रहेको घुम्ती अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ । यसरी परिचालन गरिने घुम्ती अनुगमन टोलीमा जिल्लास्थित सरकारी कर्मचारीलाई समावेश पर्नेछ ।

(२) घुम्ती अनुगमन टोली परिचालन गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्धारित एउटा निर्वाचन क्षेत्रमा एक पटकमा एउटा टोली परिचालन गर्न सकिनेछ ।

(३) घुम्ती अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता उल्लङ्घन भएको शंका लागेमा आवश्यकता अनुसार स्थानीय प्रहरीको सहयोग समेत लिई आवश्यक छानबिन गर्ने,

(ख) आचार संहिता उल्लङ्घनको कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई अविलम्ब जानकारी गराउने,

(घ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले निर्वाचन सम्बन्धी प्रचलित कानून तथा आचार संहिता विपरीत सवारी साधन प्रयोग भएको पाएमा सोको जानकारी निर्वाचन अधिकृतलाई गराउने,

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन सम्बन्धी प्रचलित कानून र आचार संहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको पाएमा सोको जानकारी निर्वाचन अधिकृतलाई गराउने,

(च) आचार संहिता पालनाको विषयमा भएको अनुगमनको नियमित विवरण जिल्ला अनुगमन समिति समक्ष पेश गर्ने ।

## परिच्छेद-४
## विविध

१२. **दृष्य छायाँकार**: (१) आयोगले आचार संहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकता अनुसार भिडियो क्यामेरा सहितको छायाँकार परिचालन गर्न सक्नेछ ।

(२) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरीको छानबिन गर्दा उपदफा (१) बमोजिमको दृष्य छायाङ्कनलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(३) दृष्य छायाँकारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्तासँग समन्वय गरी काम गर्ने,

(ख) निर्वाचन सम्बन्धी गतिविधिको छायाङ्कन गर्ने,

(ग) छायाङ्कन गरिएका दृष्यको आधारमा आचार संहिता उल्लङ्घन भएको देखिएमा तुरुन्तै सम्बन्धित निकाय, अधिकारी वा अनुगमनकर्तालाई जानकारी गराउने ।

१३. **प्रविधिको प्रयोग गर्न सक्ने :** (१) निर्वाचनको स्वच्छता र स्वतन्त्रताको लागि आयोगले आवश्यक स्थानमा सी.सी. क्यामरा जडान गर्न सक्नेछ ।

(२) आयोगले निर्वाचन आचार संहिताको पालना र उल्लंघनको विवरण आवाज (स्वर), तस्वीर र भिडियोको रुपमा सङ्कलन गर्न अत्याधुनिक प्रविधिमा आधारित रेपिड कम्युनिकेशन सिस्टम डिभाइसलाई आवश्यक स्थानमा जडान गरी नियमित र निरन्तर अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) को उद्देश्य प्राप्तिका लागि आयोगले अन्य नवीनतम् प्रविधिको प्रयोग गर्न सक्नेछ ।

१४. **लैङ्गिक हिंसा वा महिला विरुद्ध हुने काम कारबाही रोक्ने कार्यलाई प्राथमिकता दिने** : अनुगमनकर्ताले यस निर्देशिका बमोजिम अनुगमन गर्दा लैङ्गिक हिंसा, महिला उम्मेदवारको उम्मेदवारी र प्रचार प्रसारलाई असर पर्ने कार्य, महिला उम्मेदवार वा महिला मतदाताको चरित्र हत्या वा महिला उम्मेदवार, महिला मतदाता तथा निर्वाचन सम्बन्धी कार्यमा संलग्न महिलाप्रति हिंसाजन्य कार्य हुन नदिने तथा त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाही गर्ने विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

१५. **सेवा सुविधा :** (१) अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता, घुम्ती अनुगमन टोली तथा दृष्य छायाँकारले पाउने सुविधा अनुसूची-१ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) केन्द्रीय अनुगमन समिति तथा दफा ३ को उपदफा (२) वा (३) बमोजिमको उपसमितिको बैठक कार्यालय समय अघि वा पछिको समयमा बसेको अवस्थामा त्यस्तो समिति वा उपसमितिका संयोजक, सदस्य तथा आमन्त्रित व्यक्तिले आयोगले गठन गरेका समानस्तरका अन्य समिति वा उपसमितिका पदाधिकारी, सदस्य तथा आमन्त्रित व्यक्तिले पाए सरहको बैठक भत्ता तथा खाजा खर्च पाउनेछन् ।

१६. **अनुगमनमा खटिने कर्मचारीको अभिलेख (रोष्टर) तयार गर्न सक्ने** : (१) आयोगले अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ताको रुपमा खटिने कर्मचारीहरूको अभिलेख (रोष्टर) तयार गरी राख्न सक्नेछ ।

(२) अनुगमन सम्बन्धी काममा आयोगको सचिवालयको अतिरिक्त थप जनशक्ति परिचालन गर्नु परेमा उपदफा (१) बमोजिमको अभिलेख (रोष्टर) मा रहेका कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ ।

१७. **<u>बीमा सम्बन्धी व्यवस्था</u>** : अनुगमनकर्ता, अनुगमन टोलीमा खटिने कर्मचारी, सूक्ष्म अनुगमनकर्ता, अनुगमन अधिकृत, घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारी तथा दृष्य छायाँकारको लागि त्यस्तो जिम्मेवारी पाएको दिनदेखि जिम्मेवारी सम्पन्न गरी सोको अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने दिनसम्मको लागि निर्वाचन कार्यमा खटिने समानस्तरका कर्मचारीलाई उपलब्ध गराए सरहको बीमा सुविधा उपलब्ध गराइनेछ ।

१८. **<u>परिचयपत्र</u>** : (१) अनुगमनकर्ता, अनुगमन टोली तथा घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारी, सूक्ष्म अनुगमनकर्ता र दृष्य छायाँकारलाई अनुसूची-२ बमोजिमको परिचयपत्र उपलब्ध गराइनेछ ।

(२) अनुगमनकर्ता, अनुगमन टोली तथा घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारी, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारले उपदफा (१) बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ ।

१९. **<u>अनुगमनकर्ताको उत्तरदायित्व</u>** : (१) अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकार व्यक्तिगत तथा सामूहिक रूपमा आयोगप्रति उत्तरदायी हुनेछन् ।

(२) अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारले आफू खटिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही तथा आवश्यक सहयोग लिई कार्य सम्पादन गर्नु पर्नेछ ।

२०. **<u>आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने</u>** : (१) आचार संहिता उल्लङ्घन गरेको विषयमा उजुरी दिन चाहने व्यक्तिले सम्बन्धित निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोग समक्ष त्यस्तो उजुरी दिनुपर्ने कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरी प्राप्त भएमा निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्वाचन आचार संहिता उल्लङ्घन भएको पाइएमा त्यस्तो कार्य रोक्न सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश अनुसार कुनै राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायले आचार संहिता उल्लङ्घन सम्बन्धी काम कारबाही नरोकेमा निर्वाचन अधिकृत वा अनुगमनकर्ताले आवश्यक कारबाहीको लागि सोको विवरण आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश उल्लङ्घन गरी आचार संहिता विपरीतका कारबाही नरोक्ने राजनीतिक दल, उम्मेवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले ऐनको दफा २३ बमोजिम कारबाही गर्नेछ ।

२१. **स्थानीय प्रशासन तथा सुरक्षाकर्मीले सहयोग गर्नु पर्ने** : (१) निर्वाचन आचार संहिता पालना गराउन आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले स्थानीय प्रशासन वा सुरक्षा निकायको सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन आचार संहिता पालना गराउने सम्बन्धमा आयोग, निर्वाचन अधिकृत, अनुगमनकर्तालाई आवश्यक सहयोग गर्नु स्थानीय प्रशासन तथा सुरक्षा निकायको कर्तव्य हुनेछ ।

२२. **निर्वाचन अनुगमन सम्बन्धी अन्य कार्य समेत लगाउन सक्ने** : (१) आयोगले यस निर्देशिका बमोजिम खटाउने अनुगमनकर्ता तथा सूक्ष्म अनुगमनकर्तालाई प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४ अनुसार निर्वाचन अनुगमन सम्बन्धी कार्य समेत गर्ने गरी खटाउन सक्नेछ ।

(२) आयोगले यस निर्देशिका बमोजिम अनुगमनकर्ता खटाउँदा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम अनुगमनकर्तालाई प्राप्त अधिकारको समेत प्रयोग गर्न सक्ने गरी खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्ने गरी खटिएको अनुगमन टोली वा अनुगमनकर्ताले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम गरेको कारबाहीको जानकारी केन्द्रीय अनुगमन समिति मार्फत आयोग समक्ष गराउनु पर्नेछ ।

२३. **प्रतिवेदन तयार गर्ने** : (१) अनुगमन अधिकृत तथा घुम्ती अनुगमन टोलीले आफूले गरेको काम कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गरी सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) सूक्ष्म अनुगमनकर्ताले आफूले गरेको काम कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनुगमनकर्ताले अनुगमनको कार्य सम्पन्न भए पछि आफू खटिएको जिल्लामा आचार संहिताको कार्यान्वयन गर्ने वा गराउने सम्बन्धमा भए गरेका काम कारबाहीहरु तथा आचार संहिता उल्लंघन गर्नेलाई भएको कारबाहीको विवरण सहितको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(४) केन्द्रीय अनुगमन समितिले आचार संहिताको कार्यान्वयन गर्ने वा गराउने सम्बन्धमा भए गरेका काम कारबाहीहरु तथा आचार संहिता उल्लंघन गर्नेलाई भएको कारबाहीको विवरण समेत समावेश गरिएको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नेछ । यसरी प्रतिवेदन तयार गर्दा उपदफा (२) र (३) बमोजिम अनुगमनकर्ता तथा सूक्ष्म अनुगमनकर्ताले पेश गरेको प्रतिवेदनमा उल्लिखित विवरणलाई समेत आधार लिनु पर्नेछ ।

२४. **आयोगको निर्णय बमोजिम हुने** : आचार संहिता कार्यान्वयन र अनुगमनको सम्बन्धमा यस निर्देशिकामा लेखिएकोमा यसै बमोजिम र अन्य विषयमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

२५. **कारबाहीको अभिलेख :** यस निर्देशिका बमोजिम उजुरीका सम्बन्धमा भएका कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारीले सुरक्षित राख्नु वा राख्न लगाउनु पर्नेछ ।

अनुसूची-१

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता, घुम्ती अनुगमन टोली तथा दृष्य छायाँकारले पाउने सुविधा</u>**

१. **<u>अनुगमनकर्ताले पाउने सुविधा</u>** : आयोगले अनुगमनकर्ता वा अनुगमन टोलीमा खटिने कर्मचारीलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) <u>दैनिक तथा भ्रमण भत्ता</u> : अनुगमनकर्ता वा अनुगमन टोलीमा खटिने कर्मचारीले भ्रमणमा जाँदा आयोगले भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची-२ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ । चौध दिनभन्दा बढी अवधिको लागि अनुगमनमा खटिएको अवस्थामा पनि त्यसरी खटिएको अवधिभर पूरा दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) <u>निर्वाचन भत्ता</u> : अनुगमनकर्ता वा अनुगमन टोलीमा खटिने कर्मचारीलाई आफू खटिएको दिनदेखि कार्य सम्पन्न गरेको दिनसम्म आफूले खाईपाई आएको मासिक तलबको एकसय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ताको रुपमा उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ । निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोड्न पाइने छैन ।

(ग) <u>सञ्चार खर्च</u> : अनुगमनकर्ता वा अनुगमन टोलीको प्रमुखलाई मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको लागि अनुगमन अवधिभरको लागि एकमुष्ट एक हजार पाँच सय रुपैयाँ उपलब्ध गराइनेछ ।

(घ) <u>थप सुविधा</u> : अनुगमनकर्ता वा अनुगमन टोलीमा खटिने कर्मचारीलाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पाउने सुविधाका अतिरिक्त दैनिक भ्रमण भत्तामा प्रतिदिन तीनहजार रुपैयाँका दरले थप सुविधा उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ ।

(ङ) <u>सवारी चालक र सवारी इन्धनको व्यवस्था</u> :

(१) अनुगमनकर्ता वा अनुगमन टोलीका प्रमुखले आफू खटिएको जिल्लामा सवारी साधनको प्रयोग गरी स्थलगत अनुगमन भ्रमणमा जाँदा खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने गरी एकजना हलुका सवारी चालक समेत साथै लान पाउनेछ । सवारी चालकले पाउने निर्वाचन भत्ताको रकममा नियमानुसार पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिम प्रयोग हुने सवारी साधनको लागि चाहिने इन्धनको लागि लगबुक समेत संलग्न भई आएको बिल भरपाई बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(३) अनुगमनकर्ता वा अनुगमन टोलीमा संलग्न कर्मचारीलाई कार्यरत स्थानबाट खटिएको जिल्ला सदरमुकामसम्म जान आउनको लागि हवाइ जहाज प्रयोग गरेको अवस्थामा हवाई टिकट बमोजिमको रकम समेत उपलब्ध गराइनेछ ।

(४) अनुगमन टोली प्रमुखले सवारी साधनको प्रयोग गरेको अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई समेत सोही सवारी साधनमा भ्रमण गराउनु पर्नेछ । यस्तो अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई टिकट खर्च वापतको रकम भुक्तानी दिइने छैन ।

(च) मर्मत : अनुगमनकर्ता वा अनुगमन टोलीका प्रमुखलाई सवारी साधन मर्मतको लागि दश हजारमा नबढ्ने गरी बिल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(छ) विविध खर्च : अनुगमनकर्ता वा अनुगमन टोलीको प्रमुखले खर्च गर्ने गरी अतिथि सत्कार तथा भैपरी आउने खर्चको लागि एकमुष्ट पाँच हजार रुपैयाँ उपलब्ध गराइनेछ ।

२. **सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारले पाउने सुविधा :** अनुगमन अवधिमा सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई आयोगले देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) दैनिक तथा भ्रमण भत्ता : सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई भ्रमणमा जाँदा आयोगले भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची-२ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ । चौध दिनभन्दा बढी अवधिको लागि अनुगमनमा खटिएको अवस्थामा पनि त्यसरी खटिएको अवधिभर पूरा दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) निर्वाचन भत्ता **:** सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई जिम्मेवारी निर्वाह गर्न तोकिएको अवधिको लागि निर्वाचन भत्ताको रुपमा आफूले खाईपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ । निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोड्न पाइने छैन ।

(ग) सञ्चार खर्च : सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको लागि एकमुष्ट एकहजार रुपैयाँ उपलब्ध गराइनेछ ।

(घ) भैपरी खर्च : सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई भैपरी आउने खर्चको लागि एकमुष्ट पाँच हजार रुपैयाँ उपलब्ध गराइनेछ ।

(ङ) थप सुविधा **:** सूक्ष्म अनुगमनकर्तालाई खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पाउने सुविधाका अतिरिक्त दैनिक भ्रमण भत्तामा प्रतिदिन एकहजार रुपैयाँका दरले थप सुविधा उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ ।

३. **घुम्ती अनुगमन टोलीले पाउने सुविधा :** आयोगले घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारीलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) दैनिक तथा भ्रमण भत्ता : घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारीलाई भ्रमणमा जाँदा मुख्य निर्वाचन अधिकृतको कार्यालयले भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची-२ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ । चौध दिनभन्दा बढी अवधिको लागि अनुगमनमा खटिएको अवस्थामा पनि त्यसरी खटिएको अवधिभर पूरा दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) खाजा तथा खाना खर्च : घुम्ती अनुगमन टोलीमा खटिने प्रत्येक कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले पाए सरहको खाजा खाना खर्च उपलब्ध गराउनेछ ।

(ग) सवारी इन्धन र सवारी चालकको व्यवस्था :

(१) घुम्ती अनुगमन टोलीका प्रमुखले आफू खटिएको जिल्लामा सवारी साधनको प्रयोग गरी स्थलगत अनुगमन भ्रमणमा जाँदा खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने गरी एकजना हलुका सवारी चालक समेत साथै लान पाउनेछ । घुम्ती अनुगमन टोलीले सवारी साधन प्रयोग गरेको अवस्थामा सोको लगबुक पेश गर्नु पर्नेछ ।

(२) घुम्ती अनुगमन टोलीलाई आवश्यक पर्ने इन्धन वापत आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्धारित प्रति निर्वाचन क्षेत्र पन्ध्र हजार रुपैयाँ उपलब्ध गराउनेछ ।

(३) घुम्ती अनुगमन टोली प्रमुखले सवारी साधनको प्रयोग गरेको अवस्थामा सो टोलीको सदस्यलाई समेत सोही सवारी साधनमा भ्रमण गराउनु पर्नेछ ।

(घ) मर्मत : घुम्ती अनुगमन टोलीको लागि प्रयोग हुने सवारी साधन मर्मतको लागि आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्धारित प्रति निर्वाचन क्षेत्र पन्ध्र हजार रुपैयाँ उपलब्ध गराउनेछ ।

(ङ) सञ्चार खर्च : घुम्ती अनुगमन टोलीको प्रमुखलाई मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको लागि रकम उपलव्ध गराउने प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट एक हजार पाँच सय रुपैयाँ उपलब्ध गराइनेछ ।

अनुसूची-२

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग

....................

अनुगमनकर्ता/अनुगमन टोली/घुम्ती अनुगमन टोली प्रमुख/सदस्य/ सूक्ष्म अनुगमनकर्ता/दृष्य छायाँकार

**परिचयपत्र**

| परिचयपत्र बाहकको मूखाकृति देखिने फोटो |
|---|

नाम, थर :

अनुगमन/दृष्य छायाङ्कनको क्षेत्र :

परिचयपत्र बहाल रहने अवधि :

परिचयपत्र पाउने व्यक्तिको दस्तखत :

निर्वाचन आयोगको आधिकारिक व्यक्तिको,-

दस्तखत :

नाम, थर :

दर्जा :

अनुसूची-३

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

## उजुरीको ढाँचा

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/
अनुगमनकर्ता/............,
.............................. ।

विषय : आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी ।

मिति ...................... मा हुने प्रतिनिधि सभा सदस्य सदस्य र प्रदेश सभा सदस्य पदको निर्वाचनको सन्दर्भमा देहायको व्यक्ति/संस्थाबाट निर्वाचन आचार संहिताको उल्लङ्घन भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीको लागि यो उजुरी दिएको छु ।

१. आचार संहिता उल्लङ्घनकर्ताको पूरा नाम :-
२. ठेगाना/संलग्न संस्था/निकाय :-
३. आचार संहिता उल्लङ्घनको संक्षिप्त व्यहोरा :-...................................................................
.......................................................................................................................................
४. संलग्न प्रमाण :-...........................................................................................................
.......................................................................................................................................

**उजुरीकर्ताको,-**
सहीछाप :
नाम, थर :
मतदाता नं. :
सम्पर्क ठेगाना :
सम्पर्क फोन नं./मोबाईल नं.:
मिति :

द्रष्टव्य : (१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राखिनेछ ।
(२) उजुरी मौखिक रुपमा वा कुनै सञ्चारको साधनबाट समेत दिन सकिनेछ ।